सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २५ अंक १७५, २०८२ साल असोज २८ गते मंगलबार ( Oct - 14, 2025) नेपाल सम्वत ११४५ पृष्ठ ४ मूल्य रु. १०।-

## जडीबुटीमा टिपरको ठक्करबाट सिन्धुलीका एक जनाको मृत्यु

प्रभात समाचार

काठमाडौँ २७ असोज / काठमाडौँको जडीबुटीमा टिपरको ठक्करबाट एक जनाको मृत्यु भएको छ।

काठमाडौं महानगरपालिका-३२ जडीबुटीस्थित सडकमा गएराति कोटेश्वरबाट जडीबुटीतर्फ जाँदै गरेको बाप्र ०१-००४ क ५३६२ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सिन्धुलीको गोलन्जोर गाउँपालिका-५ घर भएका ३७ वर्षीय दिनेश थापाको मृत्यु भएको हो।

टिपरको ठक्करबाट गम्भीर घाइते भएका थापाको उपचारका क्रममा राष्ट्रिय ट्रमा सेन्टरमा सोमबार बिहान मृत्यु भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए। दुर्घटनामा संलग्न टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको र अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताए।

## पहिलो त्रैमासमा बढ्दै छ सरकारी भुक्तानी

प्रभात समाचार

काठमाडौँ २७ असोज / सरकारको धेरै खर्च नहुने आर्थिक वर्षको पहिलो त्रैमास (साउनदेखि असोजसम्म) मा हुने भुक्तानी बढ्न थालेको छ। पछिल्लो पाँच आवको तथ्याङ्क अनुसार आवको अन्तिममा अत्यधिक खर्च भुक्तानी गर्ने प्रवृत्तिमा सुधार आएर पहिलो त्रैमासमा हुने खर्च बढेको हो।

अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको गत आव २०८१/८२ को अर्थ बुलेटिन अनुसार पहिलो त्रैमासमा सरकारले सबैभन्दा कम खर्च गर्ने भए पनि त्यस्तो अवस्थामा सुधार देखिएको हो। मन्त्रालयका अनुसार पछिल्लो पाँच वर्षमा पहिलो त्रैमासमा हुने खर्च भुक्तानी निरन्तर बढिरहेको छ। गत आवमा मात्रै पहिलो त्रैमासमा कुल सरकारी खर्चको २१.६१ प्रतिशत खर्च भएको छ, जुन समीक्षा अवधिकै सबैभन्दा धेरै भुक्तानी हो।


मन्त्रालयको तथ्याङ्क अनुसार साउनदेखि असोजसम्मको अवधिमा आव २०७७/७८ मा कुल खर्चको १७.०३ प्रतिशत खर्च भएको छ। त्यस्तो खर्च आव २०७८/७९ मा सामान्य बढेर १७.९ प्रतिशत पुगेको छ। आव २०७९/८० मा यसमा अझ सुधार आएको छ। मन्त्रालयका अनुसार उक्त आवको पहिलो त्रैमासमा सरकारले कुल खर्चको १९.५७ प्रतिशत भुक्तानी गरेको छ। लगत्तै आव २०८०/८१ मा पनि सामान्य सुधार आएर सरकारको खर्च भुक्तानी बढेर १९.५२ प्रतिशत पुगेको छ। नयाँ ठेक्का पनि नलाग्ने र बजेट कार्यान्वयनको सुरुवाती समय हुने भएकाले पहिलो त्रैमासमा अन्य अवधि जस्तो धेरै खर्च नहुने अवस्था छ। ठेक्का लागिसकेका अघिल्ला आयोजनाको खर्चबाहेक पहिलो त्रैमासमा उल्लेख्य विकास खर्च हुँदैन।

पहिलो त्रैमासमा सरकारको खर्च भुक्तानी बढ्दा त्यसको प्रभाव अन्तिम त्रैमास (वैशाखदेखि असार) मा परेको मन्त्रालयको तथ्याङ्कले देखाउँछ। आवको अन्तिममा वित्तीय अनुशासनविपरीत रकमान्तर गरेर खर्च गर्ने प्रवृत्ति मौलाउँदा उक्त समय अत्यधिक खर्च हुने गरेको छ, जसको सार्वजनिक रूपमा आलोचना पनि हुने गर्छ। यद्यपि पहिलो त्रैमासमा खर्च बढ्दा अन्तिममा अत्यधिक खर्च हुने प्रवृत्तिमा सुधार आएको छ।

तथ्याङ्क अनुसार गत आवको अन्तिम त्रैमासमा कुल सरकारी खर्चमध्ये ३४.४४ प्रतिशत भुक्तानी भएको छ। त्यसअघि आव २०७८/७९ मा ३५.४५ प्रतिशत भुक्तानी भएको थियो। विगत पाँच वर्षमा सबैभन्दा धेरै आव २०७७/७८ मा ४१.५३ प्रतिशत खर्च भएको थियो। त्यसपछि आव २०७८/७९ मा सरकारले अन्तिम त्रैमासमा ३९.३७ प्रतिशत खर्च भुक्तानी गरेको ***बाँकी ३ पेजमा***

## बिपी राजमार्गमा सवारीको चाप, घण्टौ जाम

प्रभात समाचार



सिन्धुली,२७असोज/बिपी राजमार्ग संचालनसँगै सवारीको चाप अत्याधिक बढ्केको छ। सवारी चाप सँगै राजमार्गमा घण्टौ लामो सवारी जाम हुने गरेको छ। राजमार्ग संचालन सँगै राजमार्गलाई चौडा बनाउने काम समेत संचालन भई रहेका कारण राजमार्गमा सवारीको जाम लाग्ने गरेको सडक डिभिजन कार्यालय खाल्टे सिन्धुलीले जनाएको छ। बिपी राजमार्गको घुमाउनेमा सवारी जाम रहेको छ। बाटो फराकिलो बनाउने काम भइरहेको हुँदा कारण सवारीको जाम वा रोकिने काम भएको कार्यालयले जनाएको छ। बिशेषगरी सिन्धुली तर्फ भन्दा पनि काभ्रे जिल्ला तर्फको सडकमा बढी सवारी साधन जाम हुने गरेको कार्यालयले जनाएको छ।

काभ्रे तर्फ भक्तपुर कार्यालयले हेर्ने रोशीको सूरुदेखि नार्केसम्म करिब ५ किमी सवारी जाम रहेको हो जनाईएको छ। सडकमा सवारी सञ्चालन र मर्मतको काम निरन्तर रहेकाले एकतर्फी रूपमा सवारीहरू आवतजावत गराइएको छ।

उत्ता बाढीले क्षतिग्रस्त भएका स्थानमा 'डाइभर्सन बनाएर सञ्चालनमा ल्याइए पनि साँघुरो तथा अप्ठ्यारो सडकमा मर्मत गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

हालको मर्मत कार्यले तिहारमा राजमार्गमा यात्रा सहज हुने कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए।उनका अनुसार तीन वटा मेसिनले मर्मत गरिरहेको छ भने अन्य 'स्टेशन'मा मेसिनलाई 'स्ट्याण्डबाई' राखिएको छ। कार्यालय ५ दिन लगातार बाढीले कटान गरेको तथा बगर बनेको सडक बनाउन खटेको थियो। राजमार्गको चौकीडाँडा, कटुन्जे-घुमाउने, चारसयबेँसी, गिम्दीबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुङ्गा, डालाबेँसी तथा पिप्लेको चार स्थानलगायत माम्तीको २ स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी पूर्ण रूपमा यातायात सञ्चालन गरिएको उनले बताए।

बिपी राजमार्ग भएर नेपालको पूर्वी क्षेत्रमा आवातजावत गर्ने दैनिक ५ हजारको हाराहारीमा सवारी साधन संचालन हुने गरेको छ। जापान सरकारले बनाएको उक्त सडक २०८१ साल असोज १२ गते रोशी खोलामा आएको बाढीले बगाएको थियो। त्यसपछि उक्त सडकखण्डमा धुले सडकका रुपमा कष्टकर यात्रा गर्न यात्रीहरु बाध्य बनेका छन।

नेपाल सरकारले गत आर्थीक बर्षमा नै सडक निर्माणको लागी ठेक्का लगाईसकेको भएपनि निर्माण कार्यले भने तिब्रता पाउन सकेको छैन।

## अपाङ्गता भएका महिलाहरूका लागि ३ दिने उद्यमशीलता तालिम सुरु

प्रभात समाचार



सिन्धुली २७ असोज / अपाङ्गता भएका महिलाहरूलाई आत्मनिर्भर र आर्थिक रूपमा सशक्त बनाउने उद्देश्यका साथ सिन्धुली अपाङ्ग महिला सङ्घको आयोजनामा तीन दिने उद्यमशीलता तालिम सोमबारबाट सुरु भएको छ।

सिन्धुली अपाङ्ग महिला सङ्घ सिन्धुलीका अध्यक्ष दिपा देवकोटाको अध्यक्षता एवं कमलामाई नगरपालिका सिन्धुलीका उपमेयर मञ्जु देवकोटाको प्रमुख आतिथ्यमा तालिमको उद्धाटन गरिएको हो।

उद्धाटन कार्यक्रममा बोल्दै उप-मेयर मञ्जु देवकोटाले अपाङ्गता भएका महिलाहरूमा अदम्य साहस र क्षमता हुने र यस्ता तालिमहरूले उनीहरूलाई आत्मनिर्भर बन्ने बाटो खोल्ने बताइन्। कमलामाई नगरपालिकाले अपारता भएका व्यक्तिहरूको लागि लगानी गर्दै आएको बताइन्।

सिन्धुली अपाङ्ग महिला सङ्घ सिन्धुलीका अध्यक्ष दिपा देवकोटाले समाजमा अपाङ्गता भएका महिलाहरू अझै पनि धेरै चुनौतीहरूको बिचमा रहेको बताउदै उनीहरूलाई सिप, तालिम र अवसर दिएर आत्मनिर्भर बनाउनु हाम्रो मुख्य उद्देश्य भएको बताइन्।

तीन दिनसम्म चल्ने तालिममा सहभागी महिलाहरूलाई साना व्यवसाय सञ्चालन, उत्पादन तथा बजार व्यवस्थापनका सीपका साथै आत्मविश्वास अभिवृद्धि सम्बन्धी विषयमा प्रशिक्षण दिइने छ। तालिममा रवीन्द्र पन्त र विजय तामाङले सहजीकरण गर्नुहुनेछ। तालिमको उद्धाटन सत्रमा कमलामाई नगरपालिका ४ का वडा अध्यक्ष महेन्द्र ढकाल, कमलामाई नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख तुलसि प्रसाद कोइरालाले मन्तव्य व्यक्त गरेका थिए।

## च्याउकोटबाट चियाउँदा




## तरकारी उपभोक्ता प्रत्यक्ष मारमा

प्रभात समाचार

काठमाडौँ १७ असोज / दैनिक उपभोग्य तरकारीको पछिल्लो दुई सातामा न्यूनतम ११ देखि बढीमा १२४ प्रतिशतसम्म बढेको छ। तरकारीको सर्वसाधारण उपभोक्ता यसको प्रत्यक्ष मारमा परेका छन्।

"कमाइ बढ्दैन महँगी भने दिनदिनै बढिरहेको छ, सीमित आय भएकालाई त बाँच्नै गारो भयो। थोरै कमाइ हुनेले त तरकारी खान पनि सोच्नुपर्ने बेला आयो," कालीमाटी तरकारी बजारभित्र भेटिनुभएकी विन्दु अधिकारीले दुःखेसो पोखे।

"एक सय रुपियाँको तरकारीले चार जनाको परिवारलाई एक छाक टार्न मुस्किल छ, त्यसलाई पकाउन चाहिने तेल, नुन मसला छँदै छ। दैनिक साढे आठ सय रुपियाँ कमाउनेले एक छाकको एक सय रुपियाँको तरकारी किनेर कसरी खान सक्छ ?" उनले प्रश्न गरे।

निजी कम्पनीमा काम गरेर मासिक २४/२५ हजार रुपियाँ कमाएर अधिकारीले तीन छोराछोरीसहित आफ्नो सबै खर्च त्यसैबाट धान्नु पर्छ। हुन त उनको तलब सरकारले तोकेको न्यूनतम पारिश्रमिक अनुसारभन्दा बढी छ तर यो तलबले अहिलेको महँगीमा आफूसहित चार जनाको परिवारलाई दाल र भात मात्रै खान पनि गाह्रो छ। महँगो तरकारी कसरी खाने ?

"तरकारी महँगो भएर पनि राम्रो भए त हुन्थ्यो नि हेर्दैमा ***बाँकी ३ पेजमा***

प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### खेति योग्य जमिनको संरक्षण गरौँ

जिल्लामा खेति योग्य जमिनहरु बाँझो बस्नेक्रम बढ्केको छ। बार्षिक रुपमा खेति गर्ने जमिनहरु घटि रहेको देखिन्छ। अधिल्ला बर्षहरुमा भन्दा चालु आर्थीक बर्षमा धान रोपाई हुने खेतिको क्षेत्र फल नै कम देखिएको छ। यस बर्ष मात्र नभएर विगत पाँच बर्षको तथ्याङ्क हेर्ने हो भने पनि खेति गर्ने जमिनको क्षेत्रफल घट्दो अवस्थामा छन।।

केही बर्ष अगाडी सम्म धान, मकै लगायतको अन्नबाली निकासी गर्ने सिन्धुली जिल्लामा हिजो आज दैनिक खाद्ययान्नहरु जिल्लामा भित्रने गरेको छ। यस अनुपातलाई हेर्दा जिल्लाको कृषि उत्पादनको अवस्था कस्तो छ भन्ने केही झलक आउछ।

खाद्ययान्न मात्र नभएर अन्य कृषि उत्पादन पनि जिल्लामा बाहिर बाटै भित्रने गरेको छ। देशभित्र एकातिर कृषिजन्य भूमि बाँझो रहने क्रम बढ्दै जाँदा अर्कातिर बाढी, पहिरो, डुबानजस्ता प्रकोपले कृषिजन्य भूमि र उत्पादनमै असर पार्दै जानु चिन्ताको विषय बनेको छ।

सिन्धुली जिल्लाको अधिकाशं जनसंख्याको मुख्य पेशा नै कृषि हो। यहाँका करिव ८० प्रतिशत नागरिक कृषि पेशामा आश्रित छन। तर कृषि जन्य जमिनको क्षेत्रफल घट्दै जानु जिल्लाबासीको लागी चिन्ताको विषय हो। नेपालको राजनीतिक परिवर्तन ०६२ र ६३ पछि नेपालमा 'प्लटिङ'को धन्धा व्यापक रूपमा मौलाएर गयो। राष्ट्रिय भू-उपयोग नीति नभएको र त्यसको कार्यान्वयनका लागि कानुन समेत नभएको फाइदा उठाउँदै खेतीयोग्य जमिनलाई टुक्याएर धुरको टुक्रामा बाँड्ने अनि त्यसमा रोडा-गिट्टी, ढुंगा छरेर कृत्रिम बाटोको स्वरूप दिने क्रम यसबीचमा बढेर गयो। यसरी प्लटिङ गरिएको जग्गा केही बिके पनि तराईका मुख्य सहरी क्षेत्रमा अझै ठूलो अनुपातमा खण्डीकरण गरिएको जग्गा बाँझै छ।

कृषियोग्य भूमिमा उपयुक्त सिँचाइ सुविधा त छैन नै, अर्कातिर आकाशे पानीमै निर्भर किसानहरूमाथि पनि वर्षायाममा हुने कहिले अतिवृष्टि त कहिले खण्डवृष्टिबाट आक्रान्त भएका छन्। खेतीयोग्य जमिन खोलानालाका छेउछाउ वा नजिकै हुनु स्वाभाविक नै हो। सिन्धुली जिल्ला बाढी पहिरोको उच्च जोखिममा रहेको जिल्ला हो। यहाँ हरेक वर्ष बाढी, पहिरो र डुबानले किसानका लाखौं हेक्टर बालीनाली डुबानमा पर्दा वा नष्ट हुँदा पनि राज्यका तर्फबाट उपयुक्त संरक्षणकारी कार्यक्रमहरू चलाउन नसक्नुले पनि कृषिक्षेत्र र कृषकहरु निराश बनेका हुन यस तर्फ राज्यले ध्यान दिनु आवश्यक छ।

**समयमा नै व्यक्तिगत घटना दर्ता गरौं**

**जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइसराई जस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं। विद्यालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नावालक परिचयपत्र बनाउन, बैंकमा खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिगत घटना दर्ता आवश्यक हुने भएकाले नविस आजै वडा कार्यालय जाऔं। व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं। जिम्मेबार नागरिकको परिचय दिऔं।**

फिक्कल गाउँपालिका सिन्धुली

# विश्व अर्थतन्त्रमा सुनको प्रभाव




विसं २०८२ कात्तिक २१ गते नेपाली बजारमा सुनको मूल्य प्रतितोला दुई लाख ३८ हजार रुपियाँ पुगेको थियो। रुपियाँको अवमूल्यनले सुनको मूल्य बढ्छ। सुनको मूल्य बढ्नु पनि अर्थतन्त्रसँग सम्बन्धित हुन्छ। वर्तमान परिदृश्यमा जिडिपी, वस्तु र सेवाको उत्पादन घट्दै गएको छ। त्यसैले पनि उत्पादनको स्तर घटेको छ। यसको क्षतिपूर्ति गर्न हामीले मुद्रास्फीतिलाई सम्बोधन गर्न आवश्यक छ। हामी सामान किन्न विदेशी बजारमा गयौं भने पनि यही अवस्था हो। यसले भारतीय मुद्राको क्रयशक्ति समानतामा कमी र यसरी विश्व बजारमा रुपियाँको अवमूल्यनलाई समेत सङ्केत गर्छ।

बजार उथलपुथलको समयमा सुनलाई मूल्यको सुरक्षित भण्डारका रूपमा लिइने भएकाले सुनले समग्र सेयर बजारसँग उल्टो सम्बन्ध राख्छ। जब समग्र बजारले मूल्य गुमाउँछ, लगानीकर्ता सुनतिर झुम्मिन्छन्। यसले गर्दा सुनको मूल्य बढ्छ। जब सेयर बजार तल झर्छ, सुन माथि जान्छ। जब बजार राम्रो भइरहेको हुन्छ र मूल्यमा थोरै उथलपुथल हुन्छ, सुन गैरराजस्व उत्पन्न गर्ने सम्पत्तिको रूपमा बेचिन्छ ताकि कोषलाई पैसा कमाउने उद्यममा पुनः लगानी गर्न सकियोस्। जसले आपूर्तिको सम्बन्धमा मागलाई कम गर्छ। सेयर बजार माथि जान्छ, सुन तल झर्छ। त्यसो भए, सुनको मूल्यमा ऐतिहासिक वृद्धिको कारण के हो त? सुन खानीहरूले पनि सुनको सजिलै पहुँचयोग्य स्रोतको शोषण गर्छन्। सुन खानी हुने देशमा जीवनस्तर बढ्दै गएको छ। कामदारले बढी ज्याला पाउँछन्। यी देशमा श्रम अधिकारमा प्रगति भइरहेको छ। जसले खानी कम्पनीहरूमा निश्चित लागत लगाउँछ। सँगै, यी दुवैको परिणामस्वरूप श्रमको लागत बढ्दै जान्छ। सुनको मूल्य बढाउनमा केही कारणले महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

सुरक्षित लगानी

सुन नेपाल र छिमेकी मुलुक भारतमा विवाह समारोहको अभिन्न अङ्ग नै बनेको छ। परम्परागत रूपमा मुद्रास्फीति विरुद्धको 'हेज' को रूपमा प्रयोग गरिन्छ। अनिश्चितताको अवधिमा लगानीकर्ताका लागि सुरक्षित आश्रय मानिन्छ यसलाई। जब विश्वभर सेयर बजार, घरजग्गा र बन्डहरू घट्छन् लगानीकर्ता आफ्नो कोष जम्मा गर्न सुनतिर लाग्छन्। कोभिड-१९ पछि अन्य सम्पत्ति वर्गहरूको मूल्य र विश्वव्यापी अनिश्चिततामा आएको गिरावटले सुनलाई रेकर्ड उच्चमा पुग्न मद्दत गरेको विगतको स्मरण हुन्छ। सामान्यतः सुन र ब्याजदरमा परम्परागत रूपमा नकारात्मक सम्बन्ध हुन्छ। यो ग्यारेन्टी गरिएको छैन तर सामान्यतया ब्याज दर घट्दा सुनको मूल्य बढ्छ र दर बढ्दा तल जान्छ। बढ्दो ब्याजदरले सरकारी बन्ड र अन्य लगानीकर्ताको आकर्षण बढाउँछ। कम ब्याजदरले यी वैकल्पिक सम्पत्तिहरूलाई कम आकर्षक बनाउँछ। लगानीकर्तालाई सुनतिर धकेल्छ र माग र मूल्य बढाउँछ। यस कारणले गर्दा सुनलाई वित्तीय कठिनाइको समयमा धनको भण्डारको रूपमा हेरिन्छ।

लगानीकर्तामाथि कुनै दायित्व छैन भने सुनले कुनै पनि प्रकारको दायित्व बढाउँदैन, यो अत्यधिक तरल छ, सुन एक आरक्षित सम्पत्ति हो र यसलाई स्थिर प्रतीक मानिन्छ। यी कारणले गर्दा नेपालमा सुनको माग सधैँ रहन्छ।

सुनको खानी घट्यो

अप्रिलको मध्यमा एसएनपी ग्लोबल मार्केट इन्टेलिजेन्स तथ्याङ्कले देखाएको छ केही शीर्ष उत्पादक देश धेरै सुन खानी बन्द गर्न बाध्य भएका थिए। दक्षिण अफ्रिकामा २०, मेक्सिकोमा १५, क्यानडामा १८ र पेरुमा ८ खानी बन्द भएका थिए। धेरैले आफ्नो बन्दको अवधि बढाउने घोषणा गरेका छन्। विश्वमा सुनको दोस्रो ठुलो उपभोक्ता देशका आधा सुन रिफाइनरीहरू कोभिड-१९ को विश्वव्यापी प्रकोप पछि बन्द भएका छन्। २० रिफाइनरीहरू मध्ये, अशुद्ध सुन प्रशोधन गर्ने काममा संलग्न १० रिफाइनरीहरू बन्द भएका छन्। स्विट्जरल्यान्ड, घाना र पेरुबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन नभएकाले अशुद्ध सुन आउँदैन।

विगतमा माग बढ्दै जाँदा, विभिन्न देशमा लकडाउनका कारण सुन खानी गतिविधि गम्भीर रूपमा प्रभावित भएका थिए। यसले आपूर्तिमा असर पार्‍यो, जसले गर्दा मूल्य अझ बढ्यो। विश्व सुन परिषद्को पछिल्लो विज्ञप्ति अनुसार, छिमेकी मुलुक भारतको आरबीआई विश्वव्यापी रूपमा केन्द्रीय बैङ्कमध्ये सुनको भण्डारको दसौं ठुलो धारकमध्ये एक हो। अमेरिका र जर्मनी शीर्ष धारकमध्येमा छन्।

आर्थिक अवस्था बिग्रँदा, आरबीआई आफ्नो सुनको भण्डार बढाउने तर्फ अग्रसर हुन्छ किनभने सुनमा उच्च तरलता हुन्छ र मुद्रास्फीतिविरुद्धको हेजको रूपमा लिइन्छ। माग उस्तै रहन्छ र आपूर्ति घट्छ जसले गर्दा सुनको मूल्यमा वृद्धि हुन्छ। विनिमय दरमा उतारचढाव सुनको मूल्यसँग सम्बन्धित हुन्छ। जब कुनै देशले निर्यात भन्दा बढी आयात गर्छ, त्यसको मुद्राको मूल्य घट्ने छ। अर्कोतर्फ, जब कुनै देश खुद निर्यातकर्ता हुन्छ, तब त्यसको मुद्राको मूल्य बढ्ने छ। नेपाली लगानीकर्ताले जान्नुपर्ने कुरा ब्याजदर घट्दा र सरकारले मुद्रा आपूर्ति बढाउँदा सुनको मूल्य बढ्छ। जसले गर्दा नेपाली लगानीकर्ताले नीति, डलरको चाल र सुन बजारमा असर पार्ने विश्वव्यापी प्रवृत्ति बुझ्नु महत्वपूर्ण हुन्छ। बिगतमा राजाहरू वा सरकारहरूद्वारा जारी गरिएका सबै कागजी मुद्रा सुनद्वारा समर्थित हुनुपर्थ्यो। अमेरिकी केन्द्रीय बैङ्क वा फेडरल रिजर्भ र यसको ब्याजदरले सुनको मूल्यलाई किन असर गर्छ? आजको दिनसम्म सुनको बजार पुँजीकरण २५ ट्रिलियन डलर छ। यो सुनको मूल्यलाई यस संसारमा शताब्दीयौँदेखि परिष्कृत गरिएको सबै सुनले गुणा गरिन्छ। दोस्रो विश्वयुद्धपछि अमेरिकी डलर धेरै देशमा व्यापारको मुद्रा बन्यो किनभने मानिसले अमेरिकी सरकार र यसको ऋण तिर्न सक्ने क्षमतामा विश्वास गर्थे। दोस्रो विश्वयुद्धपछि अमेरिकाले विश्वभर व्यापारलाई सुरक्षित गर्‍यो र अधिकांश सहभागीका लागि यसको बजार खोल्यो। अमेरिकाले चरणबद्ध रूपमा सुनको मापदण्ड त्याग्यो। पहिले १९३३ मा राष्ट्रपति फ्र्याङ्कलिन डी. रुजवेल्टको नेतृत्वमा घरेलु परिवर्तनीयता समाप्त गर्‍यो। त्यसपछि १९७१ मा राष्ट्रपति रिचर्ड निक्सनको नेतृत्वमा अन्तर्राष्ट्रिय परिवर्तनीयता समाप्त गर्‍यो, जसले गर्दा सुनको मापदण्ड प्रभावकारी रूपमा समाप्त भयो। दोस्रो विश्वयुद्ध पछि स्थापित 'ब्रेटन वुड्स' प्रणाली अन्तर्गत, विदेशी केन्द्रीय बैङ्कले निश्चित मूल्यमा अमेरिकी डलरलाई सुनका लागि साट्न सक्थे। १५ अगस्ट १९७१ मा, राष्ट्रपति निक्सनले एकतर्फी रूपमा अमेरिकी डलरको सुनमा प्रत्यक्ष परिवर्तनीयता निलम्बन गरे, जुन कदमलाई 'निक्सन शक' भनेर चिनिन्छ। यस कार्यले अमेरिकी डलरलाई फिएट मुद्रा बनायो र प्रभावकारी रूपमा सुन मानक प्रणालीको अन्त्य गर्‍यो, जसले गर्दा १९७३ सम्ममा विश्वव्यापी मुद्राका लागि फ्लोटिङ विनिमय दर व्यवस्था सुरु भयो। जब डलर बलियो हुन्छ, सुनको मूल्य घट्छ र जब यो कमजोर हुन्छ सुनको मूल्य बढ्छ।

भारत र चीन जस्ता देश, जो सुनका सबैभन्दा ठुला उपभोक्ता हुन्, तिनीहरूको माग गहना र उद्योग, औषधी उपकरण आदि जस्ता विभिन्न क्षेत्रमा प्रयोग हुने अन्य प्रयोगको रूपमा सुनको ठुलो बिक्रीको कारणले बढ्छ। यो सरल कारणले व्याख्या गरिएको छ, बढी मागलाई बढी आपूर्ति चाहिन्छ, यो अवस्था पूरा भएन भने सुनको मूल्य बढ्छ। आजकल केन्द्रीय बैङ्कहरूले बढी बेच्नुको सट्टा खरिद गरेर आफ्नो भण्डारका लागि सुन जम्मा गरिरहेका छन्, त्यसैले बजारमा सुनको उपलब्धता कम हुँदा फेरि मूल्य बढ्छ। सुनको मूल्यले यतिबेला विश्व बजार तातेको छ। अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमले विभिन्न कमोडिटी बजार अनुसन्धान अधिकृतहरूको भनाइ उद्धृत गर्दै मूल्य अझै बढ्ने प्रक्षेपण गरिरहेका छन्। कोभिड महामारी तथा रुस-युक्रेन युद्धपछि चीन, भारत, अमेरिकालगायत देशले सुन भण्डारण बढाए। विश्वका केन्द्रीय बैङ्कहरूले सन् २०२२ देखि २०२३ सम्म दुई वर्षमै औसत एक हजार ६० टन सुन किनेको तथ्याङ्क सार्वजनिक भएको छ। जबकि २०१६ देखि २०१९ बीच तीन वर्षमा जम्मा ५०९ टन किनेका थिए।

नेपालको सन्दर्भमा सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ। विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ। सुनलाई इज्जत र सामाजिक प्रतिष्ठासँग जोडेर हेरिने गरेकाले विवाह, विभिन्न चाडपर्व तथा सांस्कृतिक कार्यमा सुन प्रयोग गरिँदै आएको छ, यसले त्यस्ता कार्यमा खर्च बढाउँछ।

विश्वका विभिन्न देशका कमोडिटी बजारमा सुन कारोबार हुन्छ। नेपालमा कमोडिटी बजार नै छैन। केही वर्षअघि सञ्चालनमा रहेका कमोडिटी बजारसमेत नीतिगत व्यवस्था पर्याप्त नरहेको भन्दै बन्द गरेको धितोपत्र बोर्डले नयाँ सञ्चालनका लागि खास तदारुकता देखाएको छैन।

नेपालमा, सुनको खरिदमा भन्सार शुल्क र मूल्य अभिवृद्धि करसहित धेरै कर लाग्ने प्रावधान नयाँ बजेटले गरेको छ। केही उच्च-मूल्यका गहना खरिदमा विलासी कर लागू हुन सक्छ। यी करले सुनको समग्र लागतमा योगदान पुर्‍याउँछन् र यसको मूल्य र बिक्रीलाई असर गर्न सक्छन्। सरकारले ***बाँकी ३ पेजमा***



# घातक बन्दै जापानिज इन्सेफ्लाइटिस

जापानिज इन्सेफ्लाइटिस सामान्यतया वैशाखदेखि सुरु भई साउनदेखि कात्तिकसम्म बढी देखिने गर्छ। यसको सङ्क्रमण यस वर्ष देशभर ४२ जिल्ला र ११० पालिकामा फैलिएको छ। १६४ जनामा जापानिज इन्सेफ्लाइटिस सङक्रमण भई ३१ जनाको मृत्यु भयो। नेपालमा एक दशकमा जापनिज इन्सेफ्लाइटिसबाट मृत्यु हुनेको सङ्ख्या यो सबैभन्दा धेरै हो। मृत्यु हुनेमा खोप नलगाएका ४० वर्षमाथिका छन्।
जापानिज इन्सेफ्लाइटिसबाट सन् २०२४ मा २५ जना, २०२३ मा सात जना र २०१७ मा एक जनाको निधन भएको थियो। विश्व स्वास्थ्य सङ्गठनले पनि दक्षिण एसियाली क्षेत्रलाई औलो प्रकोपको केन्द्रविन्दु र एसियाली क्षेत्रलाई इन्सेफ्लाइटिस प्रकोप केन्द्र मानेको छ।
भित्री मधेश र मधेशसहितका २८ जिल्लालाई जापानिज इन्सेफ्लाइटिसको उच्च जोखिम भएको जिल्ला मानिन्छ।
सन् १९७८ मा भारतको उत्तरप्रदेशबाट नेपालको रुपन्देहीमा प्रवेश गरी पटक पटक महामारीको रूप लिएको यस रोगबाट प्रायः विपन्न वर्ग, प्रतिरोधात्मक शक्ति कम भएका, अज्ञान बालबालिका (१५ वर्ष मुनिका) र वृद्धवृद्धा (५० वर्ष भन्दा माथिका) जोखिम समूहमा पर्छन्।
जनस्वास्थ्यका दृष्टिले यस रोगलाई 'गरिबमा पनि अति गरिबको रोग' का रूपमा परिभाषित गरिन्छ। किनभने सुँगुर, बङ्गुर र हाँस नै गरिबका सम्पत्ति, झुल किन्न नसक्ने आर्थिक हैसियत, जनचेतनाको कमी, रेडियो टिभीबाट दिइने जानकारीमा पहुँच नहुनु, रोग लागिसकेपछि पनि उपचार खर्चको कमी वा डरले अस्पताल नपुग्ने वा उपचार गराउँदा गराउँदै बिचैमा भाग्ने र राज्यको पहुँच पुग्न नसक्नुले विपन्न वर्ग बढी प्रभाबित हुन्छन्।

**0 रोग के हो ?**

महामारीको रूपमा फैलिने इन्सेफ्लाइटिस जापानिज इन्सेफ्लाइटिस हो र कारक जापानिज बी इन्सेफ्लाइटिस भाइरस हो। जापानिज इन्सेफ्लाइटिस समूह बीको फलेवी भाइरसद्वारा हुने मस्तिष्कको वा दिमागको सुजन हो जहाँ पिप हुँदैन। सङ्क्रमणको मुख्य स्रोत सुँगुर भए पनि बङ्गुर, हाँस, कुखुरा, घोडा, गाई, भैंसी र राँगा जस्ता घरपालुवा र जङ्गली चरापन्छीको शरीरमा वा सङ्क्रमित अवस्थामा फलोवी भाइरस अत्यधिक रहँदा क्युलेक्स जातको पोथी लामखुट्टेले टोकी मान्छेलाई टोकेर मानिसमा सार्छ।

**0 लक्षण**

सङ्क्रमित लामखुट्टेले मानिसलाई टोकेको पाँचदेखि १४ दिन पछाडि प्रत्येक ३०० देखि ५०० जनामध्ये एक जनामा यो रोगका लक्षण देखा पर्छन्। सुरुमा ज्वरो


डा. प्रकाश बुढाथोकी

आउने, धेरै टाउको दुख्ने, बान्ता हुने, शरीर थरथराउने, जिउ गल्ने, घाँटी बस्ने वा स्वर बस्ने हुन्छ। पछि अरबोभाइरसले मस्तिष्कमा असर पुऱ्याइ बेहोस हुने, ज्वरोसँगै बर्बराउने, मांसपेशी कडा हुने, घाँटी वा गर्धन कडा हुने, कम्पन हुन्छ। स्नायुसम्बन्धी विकृतिले हातखुट्टा नचल्ने, मुख बाङ्गिने, दिसापिसाब नियन्त्रण गर्न नसक्ने र पक्षघात हुन सक्छ।
अधिकांशमा लक्षण सामान्य वा असर नदेखिने तर हरेक २५० जनामा एक जनामा कडा लक्षण स्नायु प्रणालीमा जटिल समस्या ल्याऊने सङ्क्रमण हुने गर्छ। रोग लागेको झन्डै नौ दिनभित्र नै रोगीको मृत्यु हुने गर्छ। जेई सङ्क्रमण 'इन्सेफ्लाइटिस,' 'मेनेन्जाइटिस' वा 'फ्रेवाइल हेडेक' का रूपमा देखिन सक्छ, साथै उच्च ज्वरो आउने, गम्भीर कम्पन छुट्ने, मानसिक अवस्था बिग्रँदै जाने र हातमा प्यारेसिस हुन्छ।
ज्वरोको औषधी खाएको दुई-तीन दिनसम्म पनि ज्वरो निको नभएमा, टाउको दुख्ने, वान्ता हुने, बर्बराउने, अचेत हुने र घाँटी अररो भएमा सकेसम्म चाँडै स्वास्थ्य संस्था पुग्न जरुरी रहन्छ। अस्पतालमा आएर उपचार गर्दागर्दै मर्ने बिरामीभन्दा उपचार नपाएर, रोगले च्यापेर ढिलो अस्पताल ल्याउँदा ल्याउँदै, वा धामीझाँक्रीको भर परेर र लापर्बाहीका कारण मर्ने धेरै बढी छन्।

**0 निदान**

मस्तिष्क रस/सिएसएफ, 'सिटीस्क्यान,' इइजी, एमआरआई. र भाइरल स्टडिजबाट जापनिज इन्सेफ्लाइटिसको निदान गरिन्छ। निश्चित निदान गर्ने भाइरल स्टडिज केही केन्द्रमा मात्र हुने भएकाले, लक्षणकै आधारमा उपचार गर्नु पर्छ। इन्सेफ्लाइटिस कडा प्रकृतिको रोग भएकाले, परिणाम आउँदासम्म समयमै उपचार नभए यस्ले ज्यान पनि लिन सक्छ।

**0 उपचार**

जापानिज इन्सेफ्लाइटिसको विशेष उपचार पद्धति र औषधी नभएकाले लक्षण तथा कारण अनुसार उपचार गर्न, ज्वरोको, वान्ताको, टाउको दुखाइका र स्टेरोवाइड, विषाणु विरुद्धको, कम्पनको औषधीको साथै अक्सिजन, सलाइन पानी पनि दिने गरिन्छ र कम्पन छुट्ने, चेतना हराउँदै जाने र बेहोस हुनबाट जोगाइन्छ।
सङ्क्रमितमध्ये २० देखि ४० प्रतिशतसम्मको मृत्यु हुने गर्छ। बाँचेकामा पनि ४० देखि ७५ प्रतिशत जतिले स्नायु बिकार वा स्नायु अपाङ्गता भोग्नु पर्छ। आँखा कान बन्द हुने, बोली बन्द हुने, छारे रोग, बिर्सने रोग, सुस्त मनस्थिति, कान नसुन्ने, पक्षघात जस्ता रोग झेलिरहनु पर्छ। त्यस कारण चुनौती भनेको रोग लाग्न नदिने, रोग लागिहाले मृत्यु रोक्ने र बाँचेकाको बिकलाङ्गपन न्यूनीकरण गर्ने तथा उपचार गर्ने पर्छन्।

**0 रोकथाम**

रोग लागिसकेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ। मृत्युको मुखमा पुऱ्याउने यो रोग र बचेमा पनि विकलाङ्ग भएर बाँच्नुपर्ने बाध्यताबाट मुक्त हुन एकातिर स्वास्थ्यसम्बन्धी जनचेतनाको वृद्धि र सरसफाइ छँदै छ, अर्कोतिर खोपको प्रयोग गरेर र सङ्क्रमित लामखुट्टेको टोकाइबाट बच्नु पर्छ।

**0 खोप**

लाइभ एक्टिभेटेड (मरेको विषाणु) र नएक्टिभेटेड (विषाणु ज्युँदै हुन्छ तर ोग लगाउन नसक्ने गरी कमजोर नाइएको) दुई किसिमका खोप हुन्छन्।
पालमा २०५५ सालमा चीन सरकारको हयोगमा बाँके, बर्दिया, कैलाली र दाङमा ाँच लाखलाई इनएक्टिभेटेड र दुई लाख ० हजारलाई लाइभ एक्टिभेटेड (एक हिनाको फरक गरेर तीन डोज) दिइएको थयो। तीन डोज पूरा गर्ने ६० प्रतिशत ात्रै भए, ज्वरोको कारण र पटक पटक गाउने झन्झटका कारण ४० प्रतिशतले ोप दोहोऱ्याएनन् भने उता लाइभ नएक्टिभेटेडमा साइड इफेक्ट कम भएको, ोग नलागी सत् प्रतिशत सुरक्षित भएको, र्च सस्तो पर्नजाने भएकाले एक मात्रा ोप सही ठहऱ्याइयो।
न् २००६ देखि जोखिम क्षेत्रका एक र्षमाथिका बालबालिकालाई खोप दिन ुरु भए पनि २००९ सम्म विस्तार गर्दै बै प्रभावित क्षेत्रमा खोप कार्यक्रम विस्तार एको हो। पहाडमा समेत सङ्क्रमणदेखिन थालेपछि सन् २०१५ मा राष्ट्रिय खोप सल्लाहकार समितिको परामर्शमा बाँकी ४४ जिल्लाका १५ वर्षसम्मका सबैलाई खोप दिने निर्णय भयो। हाल नियमितमा एक वर्षमुनिका र छुटेमा पाँच वर्षमुनिका बालबालिकालाई दिने गरी नियमित खोपमा छ। ८२ प्रतिशत बालबालिकाले खोप लगाएका छन्।

**लामखुट्टेको टोकाइबाट बच्ने**

घर र घर वरिपरिको झाडी फँडानी गर्ने, पानी जम्ने खाल्टाखुल्टी पुर्ने, ढल, नाला सफा गर्ने र निकासको राम्रो ज्यवस्था गर्नु पर्छ। त्यस्ता ठाउँमा मोविल, मटीतेल वा कीटनाशक औषधी छर्कने र घरवरपर सफा राख्नु पर्छ। घरका ढोका झ्याल र मकेलामा तामा वा कासको जाली राख्ने गर्नु पर्छ। जापानिज इन्सेफ्लाइटिस सार्ने क्युलिसिन लामखुट्टे धानबारीमा, जमेका पानीमा बढी हुने भएकाले समय-समयमा धानबारीमा र खाल्टाखुल्टीमा किटनाशक औषधी छर्नु पर्छ। घरबाहिर नसुत्ने, साँझपख घरबाहिर निस्कँदा वा सुत्दा वा काम गर्दा पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ। घर बाहिर वा भित्र सुत्दा झुल टाँगेर सुत्नु पर्छ। भाइरसको घर मानिने, छाडा गाईवस्तु, पशुपन्छी, कुखुरा, विशेष गरी सुँगुर, बङ्गुर र हाँस भरिसक्य एउटै घरमा नभए घरसँगै जोडिएको ससाना झुपडीमा नपाल्ने र पालेतापनि घर टाढा, जालीवाला सफा वाकसमा व्यवस्थित ढङ्गले पाल्ने गर्नु पर्छ। बङ्गुर, सुँगुरमा पनि भ्याक्सिनेसन गरिनु पर्छ। अन्त्यमा घर र घर वरिपरि व्यक्तिगत र सामाजिक सरसफाइ गर्ने,बालबालिकालाई खोप लगाइदिने, लामखुट्टेको टोकाइबाट बच्ने उपाय अवलम्बन गर्न सके मात्र पनि अनेकन सङ्क्रमण, जटिलता र मृत्यु रोक्न सकिन्छ।

# खेलकुद

## नेपाल कबड्डी लिगका लागि पाँच सय १२ खेलाडी दर्ता

दोस्रौ संस्करणको नेपाल कबड्डी लिग (एनकेएल) का लागि पाँच सय १२ स्वदेशी खेलाडीको नाम दर्ता भएको छ।
आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीकाअनुसार लिगका लागि बागमती प्रदेशबाट सबैभन्दा बढी एक सय ५५ खेलाडीको नाम दर्ता गरिएको छ।
त्यस्तै, सुदूरपश्चिमका एक सय तीन, लुम्बिनीबाट ९८, मधेशबाट ७०, कोशीबाट ३५, कर्णालीबाट २७ र गण्डकी प्रदेशबाट २४ जना खेलाडी दर्ता भएका छन्। यसअघि प्रतियोगिताको पहिलो संस्करणमा दुई सय ७८ नेपाली खेलाडी एनकेएलमा दर्ता भएका थिए।
पहिलो संस्करणमा ६ सहरका ६ टोलीले एनकेएलमा प्रतिस्पर्धा गर्न ड्राफ्टमार्फत ८४ खेलाडी लिएका थिए। जसमा ६६ जना नेपाली खेलाडी थिए।
"प्रतियोगितामा विदेशी खेलाडी पनि आकर्षण छ, दोस्रो संस्करणको 'ड्राफ्ट'मा ४० देखि ५० जना विदेशी खेलाडी लिने छौँ", प्रमुख बेगानीले भने। पहिलो संस्करणमा थाइल्यान्ड, बङ्गलादेश, श्रीलङ्का र केन्याका १८ खेलाडीले एनकेएलमा सहभागिता जनाएका थिए।
प्रतियोगितामा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, बुटवलको हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्सले सहभागी जनाएका थिए।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पहिलो संस्करणमा जनकपुरले काठमाडौँलाई ४३-४१ ले हराउँदै उपाधि जितेको थियो। आयोजकले दोस्रो संस्करणको मिति चाँडै सार्वजनिक गरिने जनाएको छ।

# अन्तराष्ट्रिय

## अस्ट्रेलियामा आर्थिक असमानता गहिरिँदै, गरिबी दर बढ्यो

अस्ट्रेलियामा गरिबीमा जीवनयापन गर्ने जनसङ्ख्या सन् २०२४-२५ आर्थिक वर्षमा ३७ लाख पुगेको छ, जुन देशको कुल जनसङ्ख्याको १४.२ प्रतिशत हो।
अस्ट्रेलियन सामाजिक सेवा परिषद् ( एसिओएसएस) र न्यु साउथ वेल्स विश्वविद्यालयले तयार पारेको 'अस्ट्रेलियामा गरिबी सन् २०२५ : सारांश' प्रतिवेदनअनुसार, अघिल्लो तथ्याङ्क सन् २०२१-२३ मा गरिबी दर १२.४ प्रतिशत थियो, जुन अब उल्लेखनीय रूपमा बढेर १४.२ प्रतिशत पुगेको छ।
न्यु साउथ वेल्स विश्वविद्यालयकी वरिष्ठ अनुसन्धानकर्ता युविस्थी नायडूका अनुसार, पछिल्ला दुई वर्षमा घरभाडामा अत्यधिक वृद्धि भएकोले खासगरी न्यून आम्दानी भएका व्यक्तिहरूको जीवनमा गम्भीर असर परेको छ। प्रतिवेदन अनुसार, सन् २०२१ अगस्तदेखि २०२३ अगस्तसम्मको अवधिमा ब्रिस्बेनमा घरभाडा ४१ प्रतिशत, सिड्नीमा ४० प्रतिशत र मेलबोर्नमा ३४ प्रतिशतले बढेको छ।
बालबालिकाको अवस्थासमेत चिन्ताजनक रहेको प्रतिवेदनमा उल्लेख छ। सन् २०२३-२४ मा अस्ट्रेलियामा प्रत्येक ६ बालबालिकामध्ये एक जना गरिबीको चपेटामा छन्, जसको सङ्ख्या ७ लाख ५७ हजार पुग्छ।
एसीओएसएसकी प्रमुख कार्यकारी अधिकृत क्यासान्ड्रा गोल्डीले सरकारको हालसम्मका प्रयास स्वागतयोग्य भए पनि ती अपर्याप्त रहेको बताउँदै थप ठोस कदम चाल्न आवश्यक रहेको धारणा राखे।
उनले भने, "सरकारले अत्यन्तै न्यून रहेका आम्दानी सहायता भत्ता बढाउनुपर्ने, गरिबी न्यूनीकरणका लागि स्पष्ट लक्ष्य तोक्नुपर्ने, सामाजिक आवासको व्यवस्था विस्तार गर्नुपर्ने र सबैलाई रोजगारी सुनिश्चित गर्ने नीति ल्याउनुपर्छ। साथै, गरिबी घटाउने कार्यमा सबैलाई जिम्मेवार बनाउने गरी समयबद्ध लक्ष्य निर्धारण गरिनुपर्छ।"सिन्ह्वा

## विश्व . . .

आयातित सुनमा १५ प्रतिशत भन्सार शुल्क लगाएको छ, जसले गर्दा सुनको मूल्य बढेको छ र बिक्रीमा पनि कमी आएको छ। यी करले सुनको मूल्य उच्च बनाउन योगदान पुऱ्याउँछन्, सम्भावित रूपमा नेपाली गहनाहरू छिमेकी देश भन्दा महँगो बनाउँछन्। यसले सुनको मागलाई असर गर्छ। करका कारण सुनको मूल्य बढ्दा सुनको बिक्रीमा मन्दी आउन सक्छ र सम्भावित रूपमा तस्करी र अवैध व्यापारलाई प्रोत्साहन गर्न सक्छ। सुनको व्यापार धेरै व्यापारी र लगानीकर्ताका लागि रणनीतिक लगानी निर्णय हुन सक्छ। गोरखापत्र अनलाईनबाट साभार

## पहिलो . . .

छ।
पुँजीगत खर्चमा भएन सुधार
कुल खर्च भुक्तानीको आवधिक प्रवृत्तिमा सामान्य सुधार आए पनि शीर्षकगत खर्चमध्ये पुँजीगत खर्चको प्रवृत्तिमा भने उल्लेख्य सुधार आउन सकेको छैन। विकास आयोजनामा खर्च हुने बजेटका रूपमा लिइने पुँजीगत खर्चको प्रवृत्ति आवको अन्तिममा बढी हुने क्रमले निरन्तरता पाइरहेको छ।
मन्त्रालयका अनुसार गत आवको अन्तिम आवमा कुल पुँजीगत भुक्तानीमध्ये आधाभन्दा बढी अर्थात् ५३.८ प्रतिशत भुक्तानी अन्तिम त्रैमासमा भएको छ। त्यअसघि आव २०८०/८१ को सो अवधिमा ४९.२१ प्रतिशत पुँजीगत भुक्तानी भएको थियो। आवको अन्तिममा अत्यधिक पुँजीगत खर्च हुने प्रवृत्तिले लामो समयदेखि नै निरन्तरता पाउँदै आएको छ। विगत पाँच वर्षको अवधिमा आव २०७७/७८ को अन्तिम त्रैमासमा ५३.७५ प्रतिशत र आव २०७८/७९ मा ५२ प्रतिशत पुँजीगत खर्च भुक्तानी भएको छ। यस्तो प्रवृत्ति आव २०७९/८० मा झन् बढेर ५४.११ प्रतिशत पुगेको छ।
अन्तिम समयमा अत्यधिक खर्च हुँदा वित्तीय अनुशासन परिपालना नहुने समस्या बढ्दो छ। यसले नागरिकले तिर्ने करको उचित प्रयोगका सन्दर्भमा प्रश्न उठ्ने गरेको छ।

## तरकारी . . .

बासी कुहिन लागेको जस्तो देखिन्छन्," कालीमाटीमै भेटिनुभएका महेश ढकालले थपे। न्यून आय भएकालाई मात्रै होइन, मध्यम वर्गमा पनि राम्रै आय भएकालाई समेत भान्सा चलाउन गाह्रो भएको अनुभव उनले सुनाए। तरकारीको महँगीले उपभोक्तालाई मात्रै असर गरेको छैन, व्यापारीसमेत व्यापार नभएर चिन्तित छन्। कालीमाटीको थोक बजारमा व्यापार गर्ने गीताप्रसाद आचार्य महँगो तिरेर ल्याएको तरकारी देख्दा पनि राम्रो र आकर्षक नभएकाले बिक्री नभएर चिन्तित हुन्।
कालीमाटी फलफूल तथा तरकारी बजारका थोक व्यापारी संस्थाका अध्यक्षसमेत रहनुभएका आचार्यले बर्खे तरकारीको सिजन सकिने, नयाँ उत्पादनमा दसैँपछिको पानीले क्षति पुगेकाले पछिल्ला दिनमा तरकारीको भाउमा दिनदिनै बढेको बताए। आचार्यका अनुसार पछिल्लो केही दिनयता गोलभेँडा, आलु, बन्दा, सिमी, घिरौँला लौका, तितेकरेलालगायतको मात्रै बढेको छैन। मौसमी तरकारी मुला, तनेबोडी र सागको भाउ उच्च दरमा बढिरहेको छ।
कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार आइतबार ४ बजेसम्म बजारमा ३८० मेट्रिक टनको तरकारी भित्रिएको छ भने शनिबार भने ६५० मेट्रिक टनको हारहारीमा आएको थियो। अधिकांश तरकारीको भाउ थोकमै प्रतिकेजीको एक सय रुपियाँभन्दा बढी छ। समितिका अनुसार सामान्य अवस्थामा बजारमा एक हजार मेट्रिक टनभन्दा बढी तरकारी भित्रिने गरेको छ।
समितिका निर्देशक विनय श्रेष्ठले यो बेलामा बर्खे तरकारीको सिजन सकिने र नयाँ उत्पादनमा वर्षाले क्षति पुग्दा अहिले तरकारी महँगो भएको बताए। तराईको उत्पादन लगभग सकिएको र पहाडी क्षेत्रको तरकारीमा वर्षाले गर्दा क्षति पुग्दा बजारको माग धान्न सकेको छैन, आउनेबित्तिकै तरकारी सकिन्छ।
समितिका अनुसार यो बेलामा कालीमाटी बजारमा अधिकांश तरकारी उपत्यकासहित पहाडी जिल्ला धादिङ, मकवानपुर, काभ्रे, नुवाकोट, दोलखा, रामेछापलगायतका ठाउँबाट तरकारी आउँछ।

# जीवित आशा गरिएका विपीन जोशीको शव इजरायल ल्याइँदै

काठमाडौं २७ असोज / लामो समयदेखि प्रतीक्षा गरेका नेपाली विद्यार्थी विपीन जोशी अब जीवितै फर्कने आशा निराशामा परिणत भएको छ। अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसी र टाइम्स अफ इजरायलले जोशी जीवित नरहेको समाचार प्रकाशन गरेका छन्।

टाइम्स अफ इजरायलको समाचारमा भनिएको छ, "इजरायल र हमासबीच जारी युद्धबीच हमासले आज चारजना मृत बन्दीको नाम सार्वजनिक गरेको छ, जसमा एक नेपाली विद्यार्थी बिपिन जोशी पनि छन्। हमासले ती बन्दीहरूको शव आजै रेडक्रसलाई हस्तान्तरण गर्ने तयारी भइरहेको जनाएको छ।"

हमासले सार्वजनिक गरेको सूचीमा रहेका चार जना हुन् – गाई इलुज, योसी साराबी, बिपिन जोशी र ड्यानियल पेरेजको नाम समावेश छ। विज्ञप्तिमा शव हस्तान्तरण कहिले हुने हो भन्नेबारे भने स्पष्ट गरिएको छैन।

बिपिन जोशी नेपालका कृषि विद्यार्थी थिए र उनी अध्ययनका लागि इजरायल गएका थिए। अन्य मृतकहरूमध्ये इलुजलाई नोभा संगीत उत्सवबाट अपहरण गरिएको थियो र गाजाको अस्पतालमा उपचार नपाएर उहाँको निधन भएको पुष्टि सन् २०२३ डिसेम्बरमा भएको थियो। ड्यानियल पेरेज (२२) इजरायली सेनाको ७ औं आर्मर्ड ब्रिगेडका पल्टुन कमाण्डर थिए, जसको मृत्यु सन् २०२३ अक्टोबर ७ मा हमाससँगको लडाइँमा भएको थियो।

त्यस्तै, ५३ वर्षीय योसी साराबीलाई २०२३ अक्टोबर ७ मा आफ्नै घरबाट अपहरण गरिएको थियो र बन्धक अवस्थामा नै उहाँको हत्या गरिएको थियो।

इजरायली सेनाका अनुसार रेडक्रसका प्रतिनिधिहरू चारैजनाको शव बुझ्नका लागि दक्षिण गाजातर्फ प्रस्थान गरिरहेका छन्। यो घटनाले एक वर्षअघि भएको ७ अक्टोबर २०२३ को हमास आक्रमणपश्चात इजरायल-हमास द्वन्द्वको मानवीय आयाम पुनः सतहमा ल्याएको छ, जसले सयौंको ज्यान लिएको र अझै पनि थुप्रै बन्दीहरूका भाग्य अज्ञात बनाइरहेको छ, इजरायल टाइम्स मा समाचार छ।

बीबीसीका अनुसार, हमासले विगत ७३८ दिनदेखि आफ्नो नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको शव इजरेललाई बुझाउने बताएको छ।

यसअघि उनको अवस्था अज्ञात रहेको बताइएको थियो। इजरेलसँग सङ्घर्षविराम भएपछि हमासले आफ्नो नियन्त्रणमा रहेका २० जीवित बन्धकलाई सोमवार मुक्त गरिसकेको छ। बाँकी २८ जनाको मृत्यु भएको ठानिएको र उनीहरूको शव पनि सोमवारसम्म फिर्ता गरिने हमासले जनाएको छ। सोमवार अबेर जोशीसहित चारजना बन्धकको शव हस्तान्तरण गर्न लागिएको हमासको सैन्य एकाइले जनाएको छ।

गोरखापत्र अनलाईनबाट साभार

## आन्तरिक प्रयोजनको लागि गोलिया काठ/दाउरा विक्री वितरणको सूचना

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीको संकलन सहमति अनुसार यस वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा उत्पादन भएको साल जातको गोलिया काठ मध्ये जि.व.पै.आ. समितिलाई २५५ छुट्टयाईएको काठ व्यवस्थापन हुन नसकेकोले जि.व.पै.आ.समितिबाट समूहले फिर्ता पाई सकेको उक्त काठ समूहबाट नै व्यवस्थापन गर्न साल गोलिया थान ६४ को५८०.७४ क्यू.फि. काठ र ०.५० चट्टा दाउरासमूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई विक्री वितरणको लागि यो सूचना प्रकाशित गरिएको छ। समूह भित्र, छिमेकी समूहहरु तथा जिल्ला भित्रका उपभोक्ताहरुलाई काठ दाउरा आवश्यक भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात)दिन भित्रमा आवश्यक काठ दाउराको जात र परिमाण स्पष्ट खुलाई यस समूहको कार्यालयमा निवेदन पेश गर्नु हुन जानकारी गराईन्छ।

**अध्यक्ष**

**महादेव सामुदायिक वन उपभोक्ता समूह**

**हरिहरपुरगढी गा.पा. ५, सिन्धुली**

# Golanjor Rural Municipality
## Office of the Rural Municipal Executive
### Gwaltar-3, Sindhuli


## Invitation for Bids

(First Date of Publication: 28thAshwin 2082)

1. The Golanjor Rural Municipality invites electronics bids from the eligible bidders for the procurement of following works for internal revenue collection purpose:

| Contract ID No. | Description | Minimum Bid Amount NRs. (Excluding Vat) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/REVENUE/GOODS/04/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Andheri River) | 7,35,940.80 | 5% of Bid Amount | 1000 |
| GRM/SIN/REVENUE/GOODS/05/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Tehau River) | 98,784.00 | | |
| GRM/SIN/REVENUE/GOODS/06/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Bandijor River) | 14,81,760.00 | | |
| GRM/SIN/REVENUE/GOODS/07/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Waksu River) | 14,81,760.00 | | |
| GRM/SIN/REVENUE/GOODS/08/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Bitijor River) | 8,89,056.00 | | |
| GRM/SIN/REVENUE/GOODS/09/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Sunkoshi River) | 3,55,622.40 | | |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.




## आजको राशीफल

**मेष – चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
छोटो समयमा राम्रो उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले नयाँ काम थालनी हुनेछ। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्नाले थप काम गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**वृष – इ, उ, ए, ओ, बा, बि, बु, बे, बो**
अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ। अरूको आलोचना गर्दा आफैंलाई हानि हुनेछ। असंयम व्यवहारले सहयोगीहरू टाढिन सक्छन्। अध्ययनमा धेरै समय दिन नसकिएला। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली-व्यवहारमा सजग रहनुपर्ला। शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला। व्यापारमा केही लाभांश मिल्नेछ।

**मिथुन – का, कि, कु, घ, ङ, छ, के, को, ह**
आँटले काम लिन नसक्दा व्यवहारमा पछि परिनेछ। अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ। आगन्तुकहरूले अलमल्याउने हुँदा काममा समय दिन नसकिएला। तापनि विगतका कमजोरीलाई सुधार गर्ने मौका पाइनेछ। बुद्धिको उपयोगले ढिलै भए पनि काम बन्न सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। विश्वासपात्रमाथि शंका जाग्न सक्छ।

**कर्कट – हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
आफ्नै बेहोसीले नोक्सान पुर्याउन सक्छ। बलजफ्तीले पनि बाधा पुर्याउनेछ। घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। होसियारीसाथ काममा जुट्नुहोला। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुन सक्छ। टाढाका साथीभाइले काममा साथ दिनेछन्।

**सिंह – मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ।

**कन्या – टो, प, पि, पु, ष, ण, ठ, पे, पो**
मिहिनेत परे पनि तारिफयोग्य कामको चर्चा हुनेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। तापनि कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ।

**तुला – र, रि, रु, रे, रो, ता, ति, तु, ते**
प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। तापनि, विगतका कमजोरीमा क्रमशः सुधार आउनेछ। लगनशीलताले उपलब्धि हातलागी हुनेछ। काम पूरा नभए पनि प्रयत्न गर्दा केही लाभ हुनेछ। सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातपार्न सकिनेछ।

**वृश्चिक – तो, ना, नि, नु, ने, नो, या, यि, यु**
अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था रहनेछ। अरूका काममा व्यस्त बन्नुपरे पनि आफ्ना कामको मेसो नमिल्दा पछि परिएला। आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। गोप्य सूचना बाहिरिनाले समस्या पर्न सक्छ। उपलब्धिका लागि पहिले सम्पादन भइसकेको काम समेत दोहोर्याउनुपर्ला। परिस्तिथिवश काममा ढिलासुस्ती हुन सक्छ।

**धनु – ये, यो, भ, भि, भु, ध, फा, ढ, भे**
छोटो समयमा फाइदा उठाउन सकिनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। तर अवसरभित्र अधिकार खोज्ने प्रवृत्तिले समस्या निम्त्याउनेछ। सुझबुझका साथ काम लिएमा उपलब्धि प्राप्त हुनेछ। शुभचिन्तकहरूको सद्भाव कायम राख्न सजग रहनुपर्नेछ। पहिलेका कामबाट फाइदा भइरहनेछ। व्यापारमा भने सेवाग्राहीहरूको मन जित्ने प्रयत्न गर्नुहोला।

**मकर – भो, ज, जि, खि, खु, खे, खो, गा, गि**
स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। ईर्ष्या गर्नेहरूले हार खानेछन्। व्यापारलगायत अर्थ लाभ हुने योजना प्रारम्भ हुनेछ। मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। दिगो काम थालनी हुनेछ। पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ।

**कुम्भ – गु, गे, गो, सा, सि, सु, से, सो, द**
अवसरले पछ्याए पनि परिस्थिति संघर्षमय रहनेछ। प्रतीक्षित नतिजा कमजोर देखिनेछ। दिगो कामलाई केही समय पर्खनुपर्ला। पहिलेका सहयोगीहरू पछि हट्नाले कामको चाप बढ्नेछ। बलभन्दा बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। अध्ययनमा समय दिन नसकिएला। विवादास्पद जिम्मेवारी आउन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्नेछ

**मीन – दि, दु, थ, झ, ञ, दे, दो, च, चि**
परिस्थिति आफ्नै लागि प्रतिकूल रहला। हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले काम दोहोर्याउनुपर्ला। बेसुरको व्यवहारले समस्या निम्त्याउनेछ। महत्त्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान्। निर्णायक मोडमा दुविधा हुने हुँदा हतारमा निर्णय नलिनुहोला। हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ। गोपनीयतामा सावधान रहनुहोला।

प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली

मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmil.com, website : www.pravatsamachar.com, www.esajhanepal.com